# गौरीगञ्ज गाउँपालिकाको
# आर्थिक ऐन, २०७४

**गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

गाउँ सभाबाट पारित मिति : २०७४/०९/२७

**प्रस्तावना :**

गौरीगञ्ज गाउँपालिकाको आर्थिक वर्ष : २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छूट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गौरीगञ्ज गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"गौरीगञ्ज गाउँपालिकाको आर्थिक ऐन, २०७४"** रहेको छ।

(२) यो ऐन २०७४ साउन १ गतेदेखि गौरीगञ्ज गाउँपालिकाको क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति कर :**

साविक गाउँ परिषदको निर्णयानुसार असूल गरिँदै आएको घरजग्गा करको दरलाई यथावत राखी घर जग्गा कर असूल गरिनेछ। एकिकृत सम्पत्ति कर आर्थिक वर्ष : २०७५/०७६ देखि लागू गरिनेछ।

**३. भूमि कर (मालपोत) :**

साविक गाउँ परिषदको निर्णयानुसार असूल गरिँदै आएको मालपोतको दरलाई २०७४ असार मसान्तसम्म यथावत राखी मालपोत असूल गरिनेछ।

**४. घर बहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल (भाडा) मा दिइएकोमा मासिक २% (दुई प्रतिशत)को दरले घर बहाल कर असूल गरिनेछ।

**५. व्यवसाय कर :**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूची (१) बमोजिम व्यवसाय कर लगाई असूली गरिनेछ।

**६. सवारी साधन कर :**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (२) बमोजिम सवारी साधन कर लगाई असूल गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

**७. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (३) बमोजिम विज्ञापन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई उक्त कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

**८. मनोरञ्जन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (४) बमोजिम मनोरञ्जन कर लगाइनेछ । तर प्रदेश कानून स्वीकृत भई उक्त कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

**९. बहाल बिटौरी कर :**

गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट, बजार, पसलमा प्रतिकोठा न्यूनतम् ५००।- देखि अधिकतम् १०,०००।- सम्म बहाल बिटौरी कर असूल गरिनेछ ।

**१०. पार्किङ्ग शूल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (५) बमोजिम पार्किङ्ग शूल्क असूल गरिनेछ ।

**११. सेवा शुल्क, दस्तूर :**

गाउँपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका भौतिक संरचना एवं सेवा प्रवाह गरेवापत अनुसूची (६) बमोजिम सेवा शुल्क, दस्तूर असूल गरिनेछ ।

**१२. कर छूट :**

यस ऐनबमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छूट दिइने छैन ।

**१३. कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

अनुसूची- १

(बुँदा नम्बर ५ सँग सम्बन्धित)

**व्यवसाय करको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| ११६१३ | **व्यवसाय रजिष्ट्रेशन दस्तूर (दर्ता तथा वार्षिक नवीकरण दस्तूर)** | | |
| | **क) व्यवसाय दर्ता दस्तुर :** | | |
| | धान, चामल, चिउरा, भुजा आदि खाद्यपदार्थ उत्पादन गर्ने मझौला उद्योग | 1500.00 | |
| | धान, चामल, चिउरा, भुजा आदि खाद्यपदार्थ उत्पादन गर्ने साना उद्योग | 1000.00 | |
| | **ख) नवीकरण तथा वार्षिक व्यवसाय शुल्क (उद्योग, कलकारखाना, होटल, पसल आदिमा पूजीको आधारमा)** | | |
| | एकलाख सम्म पूजी | 500.00 | |
| | एकलाख एकदेखि पाँचलाखसम्म | 1000.00 | |
| | पाँचलाख एकदेखि दश लाखसम्म | 1500.00 | |
| | दश लाख एकदेखि पच्चीस लाखसम्म | 2000.00 | |
| | पच्चीस लाख एकदेखि एक करोडसम्म | 4000.00 | |
| | एक करोड एकदेखि पाँच करोडसम्म | 7500.00 | |
| | पाँच करोड माथि | 20000.00 | |
| | **ग) अन्य व्यवसाय वार्षिक शुल्क** | | |
| | लेखा परीक्षण फर्म | 1000.00 | |
| | कानुनी परामर्श सेवा | 1000.00 | |
| | उल्था व्यवसाय | 1000.00 | |
| | नीजि बैंक (वाणिज्य, विकास बैंक) | 10000.00 | |
| | लघु वित्त | 7000.00 | |
| | बहुउद्धेश्यीय, बचत तथ ऋण सहकारी | 5000.00 | |
| | सेवामूलक संस्था, महिला तथा कृषि सहकारी | 2000.00 | |
| | पाउरोटी उद्योग | 500.00 | |
| | बरफ तथा जूस उद्योग | 1000.00 | |
| | चाउचाउ, विस्कुट, कन्फेन्सनरी | 1000.00 | |
| | डिल्टीलरी (पेय पदार्थ) | 5000.00 | |
| | जडीबुटी प्रशोधन | 1000.00 | |
| | जुत्ता चप्पल उद्योग | 2000.00 | |
| | सलाइ उद्योग | 2000.00 | |

| | | | |
|---|---|---|---|
| | प्लाइ उद्योग | 3000.00 | |
| | काष्ठ उद्योग | 1000.00 | |
| | स मिलसहितको काष्ठ उद्योग | 2500.00 | |
| | फर्निचर उद्योग | 2000.00 | |
| | स मिल | 1500.00 | |
| | बेत-बाँस फर्निचर | 500.00 | |
| | प्लाष्टिक उद्योग | 5000.00 | |
| | स्टेशनरी उद्योग | 2000.00 | |
| | ग्रील उद्योग | 2000.00 | |
| | गलैचा उद्योग | 2000.00 | |
| | गारमेन्ट उद्योग | 5000.00 | |
| | इटा उद्योग | 10000.00 | |
| | सिमेन्ट ब्रिक उद्योग | 2500.00 | |
| | तामा तथा आल्मुनियम उद्योग | 5000.00 | |
| | प्रेसबाहेक प्रिन्टिङ्ग | 1000.00 | |
| | चुरोट बिडी उद्योग | 5000.00 | |
| | लुब्रिकेन्ट्स उद्योग | 10000.00 | |
| | छापाखाना | 5000.00 | |
| | पेट्रोल पम्प | 5000.00 | |
| | ब्यूटीपार्लर | 500.00 | |
| | कुटानी, पिसानी, पेलानी मिल | 1000.00 | |
| | मोबाइल/टेलिफोन टावर (नेपाल टेलिकम) | 10000.00 | |
| | मोबाइल टावर (एन.सेल.) | 15000.00 | |
| | वाइफाइ नेटवर्क सेवा | 3000.00 | |
| | केबुल नेटवर्क | 2000.00 | |
| | डिक्सहोम (डिजीटल, एनालग सेवा प्रदायक) | 5000.00 | |
| ११६१४ | रेडियो, एफ.एम. सञ्चालन दस्तुर | 5000.00 | |
| ११६२१ | चालक अनुमति पत्र, सवारी साधन दर्ता किताब (ब्लुबुक) सम्बन्धी दस्तुर | 100.00 | |
| ११६३१ | **कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबार शुल्क** | | |
| | गाई, भैसीपालन व्यवसाय | 2000.00 | |
| | कुखुरापालन व्यवसाय | 1000.00 | |
| | माछापालन व्यवसाय | 2000.00 | |

| | | | |
|---|---|---|---|
| | मौरीपालन व्यवसाय | 500.00 | |
| | च्याउखेती व्यवसाय | 500.00 | |
| | बाख्रापालन व्यवसाय | 1000.00 | |
| | बहुउद्धेश्यीय कृषि व्यवसाय | 5000.00 | |
| | मलखाद पसल | 1000.00 | |
| | चिया फर्म/चिया प्रशोधन केन्द्र | 2500.00 | |
| | पशुआहार पिलेट दाना | 1000.00 | |
| | पशु आहार सामान्य | 500.00 | |
| | भेटनरी सेवा | 1000.00 | |
| ११४४२ | **स्वास्थ्य सेवा कर** | | |
| | क) ल्याबसहितको क्लिनिक सेवा | 4000.00 | |
| | ख) क्लिनिक सेवा | 2000.00 | |
| | ग) फार्मेसी सेवा | 2000.00 | |
| | घ) ल्याब सेवा | 1000.00 | |
| | ङ) नीजि अस्पताल | 10000.00 | |
| ११४४३ | **शिक्षण सेवा शुल्क- शैक्षिक संस्था (नीजि विद्यालय)** | | |
| | क) पूर्व प्राथमिक | 1000.00 | |
| | ख) आधारभूत | 1500.00 | |
| | ग) माद्यमिक | 2000.00 | |
| | घ) क्याम्पस | 3000.00 | |
| | ङ) प्राविधिक शिक्षण संस्था | 5000.00 | |

अनुसूची- २

(बुँदा नम्बर ६ सँग सम्बन्धित)

## सवारी साधन करको दररेट

| कर शीर्षक | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| ११४५१ | **सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर)** | | |
| | क) दर्ता शुल्क : मानवबाट चल्ने रिक्सा, ठेला | 200.00 | |
| | ख) दर्ता शुल्क :इन्जिन/ब्याट्रीबाट चल्ने रिक्सा, ठेला | 300.00 | |
| | ग) जीप, कार दैनिक शुल्क | 10.00 | |
| | घ) मिनी बस, मिनी ट्रक दैनिक शुल्क | 15.00 | |
| | ग) ट्रयाक्टर दैनिक शुल्क | 15.00 | |
| | घ) बस, ट्रक, लहरी दैनिक शुल्क | 20.00 | |
| | ङ) मवेशी गाडी ठूलो ट्रक प्रति ट्रिप | 500.00 | |
| | च) मवेशी गाडी मिनी ट्रक प्रति ट्रिप | 300.00 | |
| | छ) मवेशी गाडी पिकअप, भ्यान प्रति ट्रिप | 200.00 | |

अनुसूची- ३

(बुँदा नम्बर ७ सँग सम्बन्धित)

## विज्ञापन करको दररेट

| कर शीर्षक | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| ११४७२ | **विज्ञापन कर (वार्षिक)** | | |
| | क) लाभको उद्धेश्य राखी व्यापार, व्यवसाय, संघसंस्थाले राखेका होर्डिङ्ग बोर्ड प्रति वर्ग फिट | 30.00 | |
| | ख) सेवामूलक, सन्देशमूलक बोर्ड प्रति वर्गफिट | 15.00 | |
| | ग) तुल, व्यवसायिक ब्यानर प्रति वर्गफिट | 5.00 | |
| | घ) बिजुलीका पोलमा गरिने विज्ञापन प्रति पोल | 25.00 | |

अनुसूची- ४

(बुँदा नम्बर ८ सँग सम्बन्धित)

**मनोरञ्जन करको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| ११४७३ | **अन्य मनोरञ्जन कर** | | |
| | क) सिनेमा हल | 10000.00 | वार्षिक |
| | ख) सीमित समयका मेला, सर्कस आदि | 3000.00 | प्रतिपटक |

अनुसूची- ५
(बुँदा नम्बर १० सँग सम्बन्धित)

**पार्किङ्ग शुल्कको दररेट**

| कर शीर्षक | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १४२४१ | **पार्किङ्ग शुल्क (प्रतिदिन)** | | |
| | अटो रिक्सा/इ रिक्सा/रिक्सा | 10.00 | |
| | जीप, कार | 15.00 | |
| | मिनी बस, मिनी ट्रक | 20.00 | |
| | ट्याक्टर | 20.00 | |
| | बस, ट्रक, लहरी | 25.00 | |

अनुसूची- ६

(बुँदा नम्बर ११ सँग सम्बन्धित)

**सेवा शुल्क, दस्तूरको दररेट**[१]

| कर शीर्षक | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १४२४३ | **सिफारिश दस्तुर** | | |
| | व्यवसाय बन्द | 500.00 | |
| | व्यवसाय सिफारिश (अन्य कार्यालयको लागि) | 200.00 | |
| | व्यवसाय प्रमाण पत्र शुल्क | 100.00 | |
| | निर्माण व्यवसायी इजाजत सिफारिश “क” वर्ग | 3000.00 | |
| | निर्माण व्यवसायी इजाजत सिफारिश “ख” वर्ग | 2000.00 | |
| | निर्माण व्यवसायी इजाजत सिफारिश “ग र घ” वर्ग | 1000.00 | |
| | **घर नक्सा पास दस्तुर** | | |
| | नक्सा पास किताब | 500.00 | |
| | घर नक्सा निरीक्षण तथा सर्जमीन दस्तुर | 750.00 | |
| | **घर नक्सा पास (ग्रामीण क्षेत्र)** | | |
| | १५०० वर्गफीटसम्म प्रति वर्गफीट | 3.00 | |
| | १५०१ र्वगफीटदेखि माथि प्रति वर्गफीट | 4.00 | |
| | **घर नक्सा पास (बजार क्षेत्र)** | | |
| | १५०० वर्गफीटसम्म प्रति वर्गफीट | 5.00 | |
| | १५०१ वर्गफीटदेखि माथि प्रति वर्गफीट | 6.00 | |
| | भूइपक्की छाना टिनको भएको घर प्रति वर्गफीट | 2.00 | |
| | काठको घर प्रति वर्गफीट | 1.50 | |
| | कच्ची घर प्रति वर्गफीट | 1.00 | |
| | कम्पाउण्ड वाल प्रति वर्गफीट | 2.00 | |
| | घर निर्माण सम्पन्न प्रमाणित | 1000.00 | |

| | | | |
|---|---|---|---|
| | निर्माण भईसकेको पुरानो भवनको नक्सा पास | निर्माण भईसकेको पुरानो भवनमा माथि उल्लिखित दरको आधा शुल्क लाग्नेछ र नक्सा पास अभिलेखीकरणको लागि अवधी तोकी सूचना जारी गरिनेछ । | |
| | जग्गा नामसारी दस्तुर | 200.00 | |
| | **घर बाटो सिफारिश दस्तुर** | | |
| | **ग्रामीण क्षेत्र (प्रति कठ्ठा)** | | |
| | १ कठ्ठासम्म | 300.00 | |
| | सो भन्दा माथि प्रति कठ्ठा थप | 25.00 | |
| | **बजार क्षेत्र (प्रति कठ्ठा)** | | |
| | १ कठ्ठासम्म | 500.00 | |
| | सो भन्दा माथि प्रति कठ्ठा थप | 50.00 | |
| | बैंक तथा वित्तीय प्रयोजन | 1000.00 | |
| | अंशबण्डा प्रयोजन | 500.00 | |
| | पक्की घर कायम सिफारिस प्रति तला | 700.00 | |
| | अर्धपक्की घर (सिमेन्ट वाल र जस्ताको छाना) | 500.00 | |
| | कच्ची घर | 200.00 | |
| | **चारकिल्ला सिफारिस** | | |
| | कृषि क्षेत्र | 200.00 | |
| | आवाशीय क्षेत्र (घर) | 300.00 | |
| | व्यापारिक क्षेत्र | 500.00 | |
| | औद्योगिक क्षेत्र | 1000.00 | |
| | मोही लगत कट्टा सिफारिस | 500.00 | |
| | मोही नामसारी सिफारिस | 1000.00 | |
| | मोही बाडफाड सिफारिस | 1500.00 | |
| | अपुताली सिफारिस | 2000.00 | |
| | जोतभोगको सिफारिस | 200.00 | धनीपूर्जा प्राप्त र गाउँब्लक जग्गा वालाको लागि मात्र |
| | सम्बन्धित व्यक्तिको माग निवेदनको आधारमा अमिनबाट जग्गा छुट्याउँदा | 2000.00 | |
| | अन्य कार्यालयबाट हुने सर्जमिनमा रोहबर बस्दा | 500.00 | अदालत बाहेक |
| | दूरी प्रमाणित सिफारिस | 200.00 | |
| | स्थायी बसोबास, चालचलन सिफारिस | 200.00 | |
| | आवासीय घर कोठा खोल्ने | 500.00 | |
| | व्यवसायी घर कोठा खोल्ने | 1000.00 | |

| | | | |
|---|---|---|---|
| | आगलागीबाट नष्ट भएका संरचनाको बीमा प्रयोजन सिफारिस उद्योग, कलकारखाना | 500.00 | |
| | आगलागीबाट नष्ट भएको भौतिक संरचनाको बीमालगायत अन्य सिफारिस व्यक्तिको हकमा निःशुल्क | 0.00 | |
| | **नागरिकता सिफारिश** | | |
| | बंसजको नागरिकता | 200.00 | |
| | जन्म र बैवाहिक अंगीकृत | 500.00 | वैवाहिक अंगीकृत |
| | नागरिकताको प्रतिलिपि | 200.00 | |
| | **पेन्सनपट्टा सिफारिस** | | |
| | स्वदेश पेन्सनवाहक | 500.00 | |
| | भारतीय पेन्सनवाहक | 1000.00 | |
| | अन्य तेस्रो मुलुक पेन्सनवाहक | 2000.00 | |
| | सहकारी दर्ता | 1000.00 | |
| | गैर सरकारी संस्था दर्ता | 1000.00 | |
| | क्लब, सामुदायिक संस्था दर्ता | 500.00 | |
| | इन्स्टिच्यूट/ट्यूसन सेन्टर दर्ता | 500.00 | |
| | कर चुक्ता प्रमाण पत्र दस्तुर | 100.00 | |
| | **नीजि शिक्षण संस्था सिफारिस दस्तुर** | | |
| | पूर्व प्राथमिक विद्यालय | 1000.00 | |
| | आधारभूत तह | 3000.00 | |
| | माद्यमिक तह | 5000.00 | |
| | क्याम्पस तह | 10000.00 | |
| | प्राविधिक शिक्षण संस्था | 7000.00 | |
| | **वन कार्यालयमा गरिने सिफारिस** | | |
| | नम्बरी जग्गाको रुख कटान | 1000.00 | कानुनबमोजिम विक्री गर्न पाइने कुकाठ प्रयोजन |
| | सहुलियत काठ उपलब्ध गराउने | 500.00 | |
| | **सम्पत्ति मूल्यांकन दस्तुर** | | |
| | रुपैयाँ एक लाखसम्म | 500.00 | |
| | सो भन्दा माथि प्रति लाख थप | 50.00 | |
| | **वार्षिक आम्दानी प्रमाणित दस्तुर** | | |
| | वार्षिक एक लाख रुपैयाँसम्म | 500.00 | |
| | सो भन्दा माथि प्रति लाख थप | 50.00 | |
| | अन्य सामान्य सिफारिस | 200.00 | |

| | | | |
|---|---|---|---|
| | जुनसुकै प्रकारका सर्जमिन दस्तुर | 500.00 | सम्बन्धित सिफारिस दस्तुरमा सर्जमिन दस्तुर थप हुनेछ। |
| | अंग्रेजीमा प्रमाणित | | सम्बन्धित दस्तुरको दोब्बर दस्तुर लाग्नेछ। |
| | अविवाहित प्रमाणित | 200.00 | |
| १४२४४ | **व्यक्तिगत घटना दर्ता दस्तुर** | | |
| | जन्म दर्ता | 200.00 | ३५ दिनभित्र निःशुल्क |
| | मृत्यु दर्ता | 200.00 | ३५ दिनभित्र निःशुल्क |
| | बसाइ सराइ दर्ता | 200.00 | ३५ दिनभित्र निःशुल्क |
| | विवाह दर्ता | 200.00 | ३५ दिनभित्र निःशुल्क |
| | सम्बन्ध विच्छेद दर्ता | 200.00 | ३५ दिनभित्र निःशुल्क |
| १४२४५ | **नाता प्रमाणित दस्तुर** | | |
| | नेपालीमा | 300.00 | |
| | काउन्सिलर प्रमाणितको लागि | 500.00 | |
| ११६९१ | **अन्य कर** | | |
| | हाट, बजार, पसल कर | | चालु आर्थिक वर्षको लागि साविक गाउँ परिषदले निर्धारण गरेको दररेटबमोजिम असूल गरिनेछ। |
| | जल कर | | |
| | सडक मर्मत सम्भार शुल्क | | |
| | डुङ्गा सञ्चालन | | |
| | मवेशी पशु हाट | | |
| | हल भाडा | 500.00 | |
| | **चौपाया कर निकासी प्रति गोटा** | | |
| | भैसी, गोरु, राँगा, घोडा | 50.00 | |
| | बाखा, खसी, बोका, भेडा/बंगुर | 20.00 | |
| | अन्य पशु/पंक्षी | ज्ञछ।ण्ण | |
| | **कान्जी हाउस** | बाली खाई नष्ट गरेमा सो को बिगो समेत असुल हुने र दोस्रो पटकदेखि सोही प्रकृतिको पशु आएमा प्रति पशु बराबर रु. ५,०००।- सम्म जरीवाना असुल गर्न सकिने। | |
| | गाई, भैसी, गोरु, राँगा, घोडा/गधा | 150.00 | |
| | बाखा, खसी, बोका, भेडा | 100.00 | |
| | **प्राकृतिक स्रोत उपयोग कर** | | |
| | बालुवा प्रति ट्रिपर/ट्रक | 100.00 | आइ.इ.इ. गरेपछि मात्र |
| | बालुवा प्रति ट्याक्ट्रर | 50.00 | आइ.इ.इ. गरेपछि मात्र |
| १४२२१ | **न्यायिक दस्तुर** | | |
| | मुद्धा दर्ता दस्तुर | 100.00 | |

| | | | |
|---|---|---|---|
| | मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा-आधा) | 1000.00 | |
| **नोट : प्रदेश कानूनमा फरक व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।** | | | |

**टिप्पणी १. बजार क्षेत्र भन्नाले देहायको क्षेत्रलाई मानिनेछ :**

| वडा नं. | बजार क्षेत्रको विवरण |
|---|---|
| १ | १.१ कुन्जीबारी प्रहरी चौकीबाट १०० मीटर वरिपरिको अर्धव्यास कायम गरी वृत्ताकार क्षेत्रभित्रको जग्गा ।<br>१.२ दुधे-शिवगञ्ज-बगाचौधरी सडकखण्डको कालोपत्रे सडकले छोएको दुवै साइडको जग्गा । |
| २ | २.१ तुलाचन चौकदेखि टेलीफोन टावरसम्मको कालोपत्रे सडकले छोएको दुवै साइडको जग्गा ।<br>२.२ बगाचौधरी बजारलाई केन्द्र मानी १०० मीटर वरिपरिको अर्धव्यास कायम गरी वृत्ताकार क्षेत्रभित्रको जग्गा |
| ३ | ३.१ पूर्व : नहर, पश्चिम : गौरीया खोला, उत्तर : गौरादह न.पा.को सिमाना (पानी ट्यांकी) र दक्षिण : हुकागाछी चौकले घेरेको चौघेरा क्षेत्रफल भित्रको जग्गा ।<br>३.२ नहर पूर्व ठेकीटोला चौकबाट ५०० मीटर पूर्व हुलाकी सडकले छोएको दुवै साइडको जग्गा । |
| ४ | ४.१ कदमगाछी नयाँहाट बजारलाई २०० मीटर अर्धव्यास कायम गरी वृत्ताकार क्षेत्रभित्रको जग्गा ।<br>४.२ भवानीपुर चौकदेखि २०० मीटर उत्तर-दक्षिण गौरीगञ्ज-बैरीया मूलसडकले छोएको दुवै साइडको जग्गा । |
| ५ | ५.१ चिल्हारालाई केन्द्रविन्दु मानी २०० मीटर अर्धव्यास कायम गर्दा हुन आउने वृत्तकार क्षेत्रभित्रको जग्गा ।<br>५.२ हुलाकी सडकले छोएको दुवै साइडको जग्गा ।<br>५.३ जनता चौकलाई केन्द्रविन्दु मानी २०० मीटर अर्धव्यास कायम गर्दा हुन आउने वृत्तकार क्षेत्रभित्रको जग्गा<br>५.४ खजुरगाछी-फत्तेपुर सडकले छोएको दुवै साइडको जग्गा । |
| ६ | ६.१ पूर्वमा गौरीया खोला, पश्चिम नारायणको काँटापश्चिमको कल्भर्ट, उत्तर नयाँ प्राथमिक स्वास्थ्य केन्द्र गौरीयाडाँगी चौक र दक्षिणमा खजुरगाछी मा.वि.को दक्षिण कम्पाउण्डको सीमाना भित्रको जग्गा ।<br>६.२ गौरादह-मिलनचौक-खजुरगाछी-फत्तेपुर सडक र हुलाकी सडकले छोएको दुवै साइडको जग्गा । |